जिल्ला प्रशासन कार्यालय रौतहट
मिति २०६२।४।२६ को निर्णयाङ्क
स्वीकृत विधान पृष्ठ १४ (चौदह)

नेपाल मेमोरियल ट्रष्ट-रौतहट

Nepal Memorial Trust-Rautahat

विधान-२०६५

प्रस्तावना :

देशवासीहरुको शिक्षा, स्वास्थ्य, वातावरण तथा सरसफाई प्रति चेतना जगाई वृद्ध, असहाय, बिध्वा, आपाङ्ग, टुहुरा, गरीब, आदिवासी जनजाती, दलित, मुस्लीम, पिछिडिएका वर्गहरुको कल्याणको साथै आपसी सद्भावको अभिवृद्धि गरि एक आपसमा सहयोगको भावना आदान प्रदान तथा समाजको चौतर्फी विकास गर्ने उद्देश्यले यो संस्था "नेपाल अन्तराष्ट्रिय ट्रष्ट राजपुर फरहदवा" ले रौतहटको विधान २०६५ को तर्जुमा गरिएको छ ।

प्रस्तावित संस्थाको कुनै क्रियाकलापले नेपाल तथा कुनै विदेशी राष्ट्र, अन्तराष्ट्रिय संघ , संगठनको सम्बन्धमा प्रतिकुल असर पार्ने वा नेपालको परराष्ट्र नितीको वर्खिलाप हुन जाने वा नेपालको अखण्डता, सार्वभौमता ,स्वत्रन्त्रा तथा शान्ति सुरक्षामा खल्ल पुग्ने कुनै काम कुरा नगर्ने प्रातिवद्धता व्यक्त गर्दछौ ।

परिच्छेद-१

प्रारम्भिक :

१. **संस्थाको नाम :**

यस संस्थाको नाम "नेपाल अन्तर्राष्ट्रिय ट्रष्ट" राजपुर फरहदवा-४, रौतहट रहनेछ । अंग्रेजीमा रुपान्तरण गर्दा Nepal Memorial Trust Rajpur Farhadwa Rautahat भन्ने बुझिन्छ । छोटकरीमा यस संस्थाको नाम NMT-Rautahat रहनेछ ।

२. **संस्थाको कार्यालय रहने ठेगाना :**

यस संस्थाको मुख्य कार्यालय राजप्रुर फरहदवामा रहनेछ । पछि शाखा ,उपशाखा र परशाखा को स्थापना आवश्यकता अनुसार सम्बन्धित निकायबाट अनुमति लिई स्थापना गरिनेछ ।

३. **संस्थाको कार्यक्षेत्र :**

यस संस्थाको कार्यक्षेत्र गाउँको विकासदेखि जिल्ला सम्मको विकासमा जोड दिनु हो । आवश्यकता अनुसार सम्बन्धित जिल्लाको स्थानीय अधिकारीको स्वीकृति लिई नेपाल राज्यभित्र कार्यक्षेत्र विस्तार गरिनेछ ।

४. **प्रारम्भ :**

यो विधान संस्था दर्ता भएको मितिदेखि प्रारम्भ हुनेछ ।

५. **प्रचलित कानून बमोजिम हुने** :

यस संस्थाको विधानमा भएको व्यवस्था संस्था दर्ता ऐन, २०३४ र प्रचलित नेपाल कानूनको अधिनमा हुनेछ । यस संस्थाले नेपाल सरकारको नीति निर्देशनको परिधिभित्र रही कार्य सम्पादन गर्नुपर्नेछ ।

६. **संस्थाको अस्तित्व** :

यो संस्था एक अविच्छिन्न उत्तराधिकारवाला संगठित सुनाकार हित, गैर राजनीतिक तथा गैरसरकारी सामाजिक संस्था हुनेछ ।

७. **आबद्धता** :

यो संस्था समाज कल्याण परिषद् नेपाल सरकार, सरकारी, गैरसरकारी, राष्ट्रिय, अन्तराष्ट्रिय ,संघ संस्थाहरु संग समन्वय कायम गरी कार्यहरु गरिनेछ ।

परिच्छेद-२

८. **परिभाषा** :

(क) "संस्था" भन्नाले विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा विधानमा "नेपाल ~~मेमोरियल~~ ट्रष्ट" राजपुर फरहदवा, रौतहट बुझिन्छ ।

(ख) "ऐन" भन्नाले संस्था दर्ता ऐन २०३४ लाई जनाउनेछ ।

(ग) "समिति" भन्नाले यस विधानको दफा १३ बमोजिम गठित कार्यसमितिलाई जनाउँछ ।

(घ) "सभा" भन्नाले यस विधान बमोजिम बसेको साधारणसभा र विशेष साधारणसभालाई समेत जनाउँदछ ।

(ङ) "पदाधिकारी" भन्नाले यस संस्थाका पदाधिकारीहरुलाई जनाउनेछ ।

(च) "नियम, विनियम" भन्नाले यस विधान अन्तर्गत बन्ने नियम विनियमलाई जनाउँदछ ।

(छ) "स्थानीय अधिकारी" भन्नाले प्रमुख जिल्ला अधिकारीलाई जनाउँदछ ।

(ज) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यो विधान र यस विधान अन्तर्गत बनेको नियम विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

(झ) "अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सचिव र सदस्य" भन्नाले यस संस्थाका अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सचिव र सदस्यहरुलाई जनाउनेछ ।

९. संस्थाको छापको व्यवस्था :

(क) संस्थाको एउटा छुट्टै छाप र चिन्ह हुनेछ । जुन कार्यसमितिले निर्धारण गरे अनुरुप हुनेछ । तर नाम, छाप र चिन्ह पूर्व दर्ता भएको कुनै संस्थासँग मेल खाएमा संशोधनको प्रक्रियाद्वारा तुरुन्त संशोधन गरिनेछ ।

परिच्छेद-३

१०. उद्देश्य :

संस्थाको उद्देश्यहरु :

यस "नेपाल ट्रष्ट" राजपुर फरहदवा रौतहटको उद्देश्यहरु यस प्रकार छन् :

(क) शिक्षा, स्वास्थ्य सरसफाई सम्बन्धी जनचेतना जगाउने कार्यहरु सञ्चालन गर्ने ।

(ख) जिल्लाबासीहरुमा आपसी सम्बन्ध र भाइचाराको भावनाको विकास गर्ने र सहयोग पुऱ्याउने ।

(ग) आफ्नो क्षेत्रभित्र सडकमा बिजुली बत्ती, ढल निकासा, खानेपानीको व्यवस्था गरि सहयोग पुऱ्याउने ।

(घ) सामूदायिक विकासको लागि एकिकृत कार्यक्रमको माध्यमबाट स्थानीय सहभागिता र साझेदारी जुटाई दिगो सहयोग गर्ने ।

(ङ) गरिबी निवारण सम्बन्धी कार्यक्रम सञ्चालन गरि सहयोग पुऱ्याउने ।

(च) स्थानीय निकायसँग समन्वय कायम गरि सडक मर्मत तथा सम्भार गर्न सहयोग पुऱ्याउने ।

(छ) महिला, बालबालिका, असहाय, वृद्ध, मुस्लिम, दलित वर्गको विकासको क्षेत्रमा उपयुक्त कार्यक्रम सञ्चालन गरि समतामूलक समाजको निर्माणमा जोड दिने ।

(ज) सार्वजनिक सम्पत्ति र सम्पदाको संरक्षणमा सम्बन्धित निकायलाई सहयोग पुऱ्याउने ।

(झ) धार्मिक कार्यक्रमहरुमा सहयोग पुऱ्याउने ।

(ञ) वातावरणमा सुधार ल्याउनका लागि ठाउँ ठाउँमा वृक्षारोपण गरि समाजलाई सहयोग पुऱ्याउने ।

(ट) कृषिमुलक कार्यक्रमहरु संचालन गर्ने जस्तैः बाख्रा पालन भैसी पान, माछा पालन, तथा सिचाई मुलक कार्यक्रमहरु गरी किसानहरुको उत्थान गराउने ।

(ठ) समाजमा भएका विकृतिहरु, विसंगति, जातीय भेदभाव, छुवाछुत, नोक्सानी जस्ता अन्धविश्वास हटाउने ।

(ड) चेलीबेटी बेचबिखन, मादक पदार्थ, लागू पदार्थ, औषधी, जुवा, अश्लिलता जस्ता सामाजिक विकृतिहरु विरुद्ध चेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने ।

(ढ) शारीरिक वृद्धि विकासका लागि खेलकुदका सामानहरु उपलब्ध गराई समूदायका युवा वगृहरुलाई सहयोग पुऱ्याउने ।

(ण) यो संस्था "नेपाल ~~सेनोपियल~~ ट्रष्ट" राजपुर फरहदवा रौटहटले कार्य सञ्चालन गर्दा सम्बन्धित निकायको स्वीकृति राष्ट्रिय योजना नीति र कार्यक्रम अनुसार सम्बन्धित निकायको जिल्ला स्थित कार्यालयसँग समन्वय गरि पूर्ण स्वीकृति समेत लिई सञ्चालन गरिनेछ ।

(त) सम्बन्धित निकायसँग समन्वय कायम गरि शान्ति सुरक्षा कायम राख्न ~~प्रयत्नशिल रहने~~ सहयोग पुऱ्याउने ।

(थ) रक्तदान जस्ता कार्यक्रमहरुमा समाजलाई सहयोग पुऱ्याउने ।

(द) गरीब, मजदुर, किसान, महिला र दलित बालबालिकाहरुलाई मौलिक हक अधिकार र कर्तव्यको बोध गराउने ।

(ध) मुश्लिमहरुको हक हितको लागि कार्य गर्ने र गराउने ।

(न) राष्ट्रिय, अन्तर्राष्ट्रिय, सरकारी एवं गैरसरकारी संघ संस्थाहरुसँग सम्पर्क एवं समन्वय गरि विभिन्न जानकारी प्राप्त गर्ने तथा विभिन्न किसिमको कार्यक्रम सञ्चालन गर्ने गराउने ।

(प) शिपमुलक तालिम, गोष्ठी ,सभा जस्ता कार्यक्रमहरु गर्ने गराउने ।

(फ) एच.आई.भी. एड्स सम्बन्धि कार्यक्रमहरु संचालन गरी गराई समाजमा जनचेतना जगाउने ।

(ब) यो संस्था मुनाफा रहित जनहितकारी हुनेछ ।

परिच्छेद-४

११. सदस्यता प्राप्तीको लागि आवश्यक योग्यता :

यस संस्थाको सदस्यको लागि देहाय बमोजिमको योग्यता पुगेको हुनु पर्दछ :

(क) १६ वर्ष उमेर पुरा भएको नेपाली नागरिक हुनु पर्दछ ।

(ख) नैतिक पतन देखिने, फौजदारी अभियोगमा अदालतबाट दोषी प्रमाणित नभएको हुनु पर्नेछ ।

(ग) मानसिक सन्तुलन नगुमाएको हुनु पर्नेछ ।

(घ) कुनै कानूनले अयोग्य नभएको हुनु पर्नेछ ।

(ङ) अन्य संस्थाको रकम हिनामिना गरि कारवाहीमा नपरेको हुनु पर्नेछ ।

१२. सदस्यताको प्रकार :

यस नेपाल ~~प्रेमाश्रित~~ ट्रष्टले सदस्यताको प्रकार निम्न अनुसार राखेका छन् ।

(क) संस्थापक सदस्य : यो विधान स्वीकृत हुँदाको बखत यस विधानमा हस्ताक्षर गर्ने पदाधिकारी संस्थापक सदस्य मानिने छन् । संस्थापक सदस्यहरुले सदस्यता लिएर मात्र साधारणसभामा मतदान गर्न पाउनेछन् ।

(ख) आजिवन सदस्य : यस नेपाल ~~प्रेमाश्रित~~ ट्रष्ट रौतहटलाई एकमुष्ठ रु.५,०००/- (पाँच हजार रुपैयाँ) प्रदान गर्ने सदस्य योग्यता भएको व्यक्तिलाई कार्यसमितिले निर्णय गरि आजिवन सदस्य प्रदान गर्नेछ ।

(ग) साधारण सदस्य : यस नेपाल ~~प्रेमाश्रित~~ ट्रष्ट रौतहटले प्रवेश शुल्क बापत रु.५००/- लिई आवेदन गर्नेलाई कार्यसमितिले साधारण सदस्यता प्रदान गर्नेछ । साधारण सदस्यताको नवीकरण दस्तुर रु.१५०/- हुनेछ । साधारण सदस्यता प्रत्येक वर्षको आश्विन मसान्तसम्म नवीकरण गरिसक्नु पर्नेछ ।

(घ) मानार्थ सदस्य : यस संस्थाका साधारणसभाले उपयुक्त ठहर गरेको विशिष्ट तथ्य प्रतिष्ठित नेपाली नागरिकलाई संस्थाको मनार्थ सदस्य दिन सकिनेछ ।

यी सबै किसिमका सदस्यताको विवरण तोकिएको ढाँचामा निवेदन लिई यस नेपाल ~~प्रेमाश्रित~~ ट्रष्टको कार्यसमितिले निर्णय गरि वितरण गर्नेछ । कुनै आवेदनलाई सदस्यता नदिने निर्णय यस संस्थाका कार्यसमितिले गरेमा सो को कारण सहितको जानकारी आवेदकलाई दिइनेछ ।

१३. यस संस्थाका सबै सदस्यले विधान बमोजिमको व्यवस्थाको पालन गर्नु पर्नेछ ।

१४. यी सबै किसिमका सदस्यताको विवरण तोकिएको ढाँचा निवेदन लिई यस नेपाल ~~मेमोरियल~~ ट्रष्टको कार्यसमितिले निर्णय गरि वितरण गर्नेछ । कुनै आवेदकलाई सदस्यता नदिने निर्णय यस संस्थाका कार्यसमितिले गरेमा सो को कारण सहितको जानकारी आवेदकलाई दिइनेछ ।

१५. यस संस्थाका सदस्यको योग्यताको अयोग्यता निम्नालिखित अनुसार रहनेछ ।

(क) १६ वर्ष उमेर नपुगेका व्यक्तिलाई सदस्यता दिइने छैन ।

(ख) गैर नेपाली नागरिक भएमा सो व्यक्तिलाई सदस्यता दिइने छैन ।

(ग) मानसिक सन्तुलन नभएको व्यक्तिलाई सदस्यताको अयोग्य ठहरिनेछ ।

(घ) फौजदारी अभियोगमा अदालतद्वारा दोषी प्रमाणित भएको खण्डमा सो व्यक्तिलाई सदस्यको अयोग्य हुनेछ ।

१६. यस नेपाल ~~मेमोरियल~~ ट्रष्ट राजपुर फरहदवा रौतहटले सदस्यको सदस्यताको समाप्ती निम्नलिखित अनुसार गर्नेछ ।

(क) नेपाली नागरिकता परित्याग गरेमा ।

(ख) मानसिक सन्तुलन गुमाएको प्रमाणित भएमा ।

(ग) कार्यक्षेत्र छोडी अन्यत्र बसोबास गर्न गएमा ।

(घ) राजिनामा दिई सदस्यता परित्याग गरेमा ।

(ङ) समयमा नै सदस्यता नवीकरण नगराएमा ।

(च) संस्थाको हित विपरित कार्य गरेको प्रमाणित भएमा ।

(छ) विधान बमोजिमको योग्यता नपुगेमा ।

परिच्छेद-५

१७. साधारणसभा, कार्यसमिति तथा बैठक सम्बन्धी व्यवस्था :

(१) साधारणसभा गठन :

(क) यस संस्थाको साधारणसभामा साधारण आजिवन सदस्यहरु रहनेछन् । संस्थापक सदस्यहरुले पनि यो दुई मध्ये कुनै एकको सदस्यता लिनु पर्नेछ ।

(ख) साधारणसभा नै यस संस्थाको सर्वोच्च अङ्ग हुनेछ ।

(ग) यस संस्थाका साधारण सदस्य सभामा गणपुरक संख्या अन्यथा व्यवस्था भएकोमा बाहेक ५१ प्रतिशत हुनेछ । यो संख्या नपुगेमा ७ (सात) दिनभित्र लगत्तै बोलाइएको सभामा ३३ प्रतिशत उपस्थित गणपुरक संख्या मानिनेछ । यस संस्थाको विधानमा अन्यथा व्यवस्था भएकोमा बाहेक सामान्य तथा बहुमतको निर्णय मान्य हुनेछ । साधारणसभा वार्षिक र विशेष गरि दुई प्रकारको हुनेछ ।

(घ) यस संस्थाका वार्षिक साधारणसभा हरेक साल आश्विन मसान्तमा कार्यसमितिले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(ङ) यस संस्थाका कार्यसमितिको बहुमतले निर्णय गरेमा वा साधारणसभाका १/३ सदस्यहरुले लिखित माग गरेमा त्यस्तो निर्णय वा माग भएको मितिले २१ दिनभित्र विशेष साधारणसभा बस्नेछ । वार्षिक वा विशेष साधारणसभा बस्ने सूचना हरेक सदस्यलाई ७ दिन अगाडी लिखित रुपले दिइनेछ ।

(२) संस्थाको साधारणसभाको काम, कर्तव्य र अधिकार :

यस संस्थाको साधारणसभाको काम, कर्तव्य र अधिकार निम्नलिखित बमोजिम हुनेछ ।

(क) कार्यसमितिको निर्वाचन गर्ने ।

(ख) कार्यसमितिका पदाधिकारी एवं सदस्यहरु उपर अविश्वासको प्रस्ताव पारित भएमा पद मुक्त गर्ने ।

(ग) विधानको अधिनका रही आवश्यक नियमावली स्वीकृत गर्ने ।

(घ) वार्षिक कार्यक्रम र बजेट पारित गर्ने ।

(ङ) लेखापरीक्षक नियुक्ती गर्ने ।

(च) कार्यसमितिलाई आवश्यक निर्देशन दिने ।

(छ) संस्थाको सर्वोच्च अङ्गको रुपमा रही आवश्यक कार्यसम्पादन गर्ने गराउने ।

(३) कार्यसमितिको गठन :

यस संस्थाको कार्यसमितिको गठन निम्नलिखित अनुसार गर्नेछ ।

(क) कार्यसमितिमा हरेक ३ वर्षमा पदावधी रहने गरि साधारण सदस्यहरुबाट निर्वाचित देहायका पदका पदाधिकारीहरु रहनेछन् ।

(१)	अध्यक्ष	-	१
(२)	उपाध्यक्ष	-	१
(३)	सचिव	-	१
(४)	कोषाध्यक्ष	-	१
(५)	सदस्यहरु	-	३
	जम्मा		७ जना

रिक्त हुन आउने पदका सम्बन्धमा अध्यक्षको पद रिक्त भएमा पुनः सभा बसी सो पदको मात्र निर्वाचन गरिनेछ । र अन्य पदाधिकारी एवं सदस्यको हकमा साधारणसभाका सदस्यहरुद्वारा कार्यसमितिले मनोनयन गर्नेछ ।

४. संस्थाको कार्यसमितिको काम, कर्तव्य र अधिकार :

यस संस्थाको कार्यसमितिको काम, कर्तव्य र अधिकार निम्नलिखित अनुसार हुनेछ ।

(क) यस संस्थाका विधान बमोजिमको व्यवस्था गरि साधारणसभाको निर्णय कार्यान्वयन गर्ने ।

(ख) यस संस्थाको वार्षिक कार्यक्रम २ बजेट साधारणसभा प्रस्तुत गर्ने ।

(ग) यस संस्थाको हित हुने कार्य कार्यक्रम सञ्चालन गर्ने ।

(घ) यस संस्थाको उद्देश्य प्राप्तीमाम उपलब्ध साधारण र श्रोतको अधिकतम उपयोग गर्ने ।

(ङ) साधारणसभा प्रति उत्तरदायी हुने ।

(च) आफ्नो कार्य अवधिको भएका लागि उपयुक्त व्यक्ति र आकारको सल्लाहकार समिति, उप-समितिको गठन गर्ने र आवश्यकता अनुरुप कामको बाँडफाँड गर्ने ।

(छ) यस संस्थाको क्रियाकलाप सम्पादन गर्न योजना बनाउने, श्रोत जुटाउने, कार्यान्वयन गर्ने, सुपरीवेक्षण अनुमान र मूल्याङ्कन गर्ने गराउने ।

(ज) यस संस्थाको सम्पत्तिको सुरक्षा र आम्दानी खर्चको व्यवस्थापन गर्ने ।

(झ) स्वीकृत नियमावली बमोजिम कर्मचारीको छनौट गर्ने जिम्मेवारी दिने र रेखदेख गर्ने ।

(ञ) यस संस्थाको नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।

५. कार्यसमितिको बैठक :

यस संस्थाको कार्यसमितिको बैठक निम्नलिखित अनुसार हुनेछ :

(क) यस संस्थाको कार्यसमितिको बैठक महिनाको एक पटक यस संस्थाको अध्यक्षले तोकेको मिति र समयमा बस्नेछ ।

(ख) यदि कार्यसमितिका बहुमत सदस्यहरुले लिखित माग गरे त्यस्तो माग गरेको मितिले १५ दिनभित्र यस संस्थाका अध्यक्षले जुनसुकै समयमा बैठक बोलाउनु पर्नेछ ।

(ग) यस संस्थाको कार्यसमितिको गणपुरक संख्या ५१ प्रतिशत हुनेछ र बहुमतको निर्णय मान्य हुनेछ ।

परिच्छेद-६

१८. पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार :

यस संस्थाका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार निम्नलिखित बमोजिम हुन पर्नेछ ।

(१) अध्यक्ष :

(क) समिति र सभाको बैठकको अध्यक्षता गर्ने, बैठक सञ्चालन गर्ने ।

(ख) निर्णायक मत दिने ।

(ग) संस्थाको तर्फबाट प्रतिनिधित्व गर्ने वा प्रतिनिधी तोक्ने ।

(घ) संस्थाको नेतृत्व लिने ।

(ङ) आवश्यकता अनुसार बैठकहरु बोलाउन सचिवलाई निर्देशन दिने ।

(च) अन्य पदाधिकारी एवं सदस्यहरुलाई कामको बाँडफाँड गर्ने ।

(छ) अभिलेख प्रमाणित गर्ने ।

(२) उपाध्यक्ष :

(क) अध्यक्षलाई सहयोग गर्ने ।

(ख) अध्यक्षले दिएको जिम्मेवारी पूरा गर्ने ।

(ग) अध्यक्षको अनुपस्थितिमा निजको कार्य गर्ने ।

(३) सचिव :

(क) अध्यक्षको निर्देशन अनुसार बैठक सभा बोलाउने ।

(ख) अभिलेख सुरक्षित राख्ने ।

(ग) संस्थाको सचिवालयको रेखदेख र सञ्चालन गर्ने ।

(घ) अध्यक्षले दिएको अन्य जिम्मेवारी पूरा गर्ने ।

(४) कोषाध्यक्ष :

(क) संस्थाको कोषको रेखदेख र सञ्चालन गर्ने ।

(ख) साधारणसभामा वार्षिक कार्यक्रम र बजेट पेश गर्ने ।

(ग) लेखा दुरुस्त राख्ने ।

(घ) नियमित रुपमा वार्षिक लेखापरीक्षण गराउने ।

(५) सदस्य :

(क) समितिको बैठकमा सक्रिय सहभागिता जनाउने ।

(ख) संस्थाको कार्यमा रचनात्मक भूमिकाको निर्वाह गर्ने ।

परिच्छेद-७

१९. खाता सञ्चालन सम्बन्धमा :

यस संस्थाको बैंक खाता सञ्चालन अध्यक्ष र कोषाध्यक्षको संयुक्त दस्तखतबाट मान्यता प्राप्त बैंकमा खाता खोलि राखिनेछ ।

२०. कोष :

संस्थाको सम्पूर्ण चल अचल सम्पत्ति रहेको एउटा कोष हुनेछ । जसको लेखा प्रचलित कानूनको ढाँचामा अद्यावधिक राखिनेछ ।

२१. आर्थिक श्रोत :

संस्थाको आय श्रोत तल उल्लेख गरे बमोजिम हुनेछ ।

(क) सदस्यहरुबाट प्राप्त सदस्यता र नविकरण शुल्क ।

(ख) विभिन्न किसिमको दान र उपहारबाट प्राप्त रकमहरु

(ग) संस्थाको चल अचल सम्पत्तिको विक्रीबाट प्राप्त रकम ।

(घ) सरकारी तथा गैरसरकारी संघ संस्थाबाट सहयोग स्वरुप प्राप्त रकम ।

(ङ) विविध आम्दानीबाट संकलित रकम ।

(च) संस्थाले वैदेशिक सहयोग लिंदा नेपाल सरकारको पूर्व स्वीकृति लिएर मात्र प्राप्त गरिनेछ ।

२२. लेखापरीक्षण :

संस्थाको लेखापरीक्षणको प्रक्रिया निम्नलिखित तरिकाबाट हुनेछ ।

(क) संस्थाको लेखापरीक्षण गराउन कार्यसमितिबाट निर्णय गराई नेपाल सरकारद्वारा मान्यता प्राप्त दर्तावाला लेखापरीक्षकबाट लेखापरीक्षण गराउनु पर्नेछ ।

(ख) लेखापरीक्षण प्रत्येक वर्ष गराउनु पर्नेछ, सो को जानकारी जिल्ला प्रशासन कार्यालय, जिल्ला विकास समिति र समाज कल्याण परिषद्लाई दिइनेछ ।

परिच्छेद-८

२३. निर्वाचन सम्बन्धी व्यवस्था :

(क) कार्यसमितिको निर्वाचनको व्यवस्था :

(१) यस संस्थाको कार्यसमितिको निर्वाचन प्रत्येक ३ वर्षमा हुनेछ ।

(२) कार्यसमितिमा ७ जना पदाधिकारीहरुको निर्वाचन हुनेछ ।

(३) निर्वाचन अधिकृत एक महिना अघि नै कार्यसमितिको निर्णयबाट चयन गरिनेछ ।

(४) संस्थाको आफ्नो केही विशेष कामकाज परिआएमा संस्थाको हितमा कार्यसमितिको निर्णयबाट निर्वाचन तिथिलाई बढीमा ३ महिनाको लागि अगाडी वा पछाडी सार्न सकिनेछ ।

(५) नव-निर्वाचित कार्यसमितिका पदाधिकारीहरु निर्वाचित भै शपथ ग्रहण नहुञ्जेलसम्म पुरानै कार्यसमितिले दैनिक कार्य गर्नेछ ।

(६) यो संस्था दर्ता भएको मितिले ६ मिहनाभित्र कार्यसमितिको निर्वाचन गराइसक्नु पर्नेछ ।

२४. राजिनामा :

कार्यसमितिका अध्यक्षले कार्यसमिति समक्ष राजिनामा दिनेछ र उपाध्यक्ष लगायत अन्य पदाधिकारीहरुले अध्यक्ष समक्ष राजिनामा दिनेछन् ।

२५. संस्थाको विघटन :

(क) साधारण सभाले आवश्यक देखेमा विशेष प्रस्ताव पारित गरी संस्था खारेजी गर्न सकिने छ।

(ख) उपनियम (क) बमोजिम खारेजीको प्रस्ताव पारित गर्दा साधारणसभाले खारेजीको कामको लागि एक वा एक भन्दा बढी लिक्विडेटरहरु र संस्थाको हिसाब किताब जाँच गर्नका लागि एक वा एक भन्दा बढी लेखापरिक्षकहरु नियुक्त गर्न सक्ने छन् । लिक्विडेटर, लेखापरिक्षकहरुको पारिश्रमिक साधारणसभाले तोकिए बमोजिम हुनेछ

(ग) उपनियम (ख) बमोजिम नियुक्त लिक्विडेटर, लेखापरिक्षकले संस्था खारेजी सम्बन्धि काम कार्यवाही गर्ने छन् ।

(घ) यो संस्था विघठन भएमा यसको चल-अचल सम्पति नेपाल सरकारमा सर्नेछ ।

परिच्छेद-९

२६. अविश्वासको प्रस्ताव :

(क) कार्यसमितिका सदस्यहरुको सम्बन्धमा सम्पूर्ण सदस्यको एक चौथाई सदस्यले अविश्वासको प्रस्ताव पेश गर्न सक्नेछ, सो प्रस्ताव माथि छलफल भै सम्पूर्ण सदस्य संस्थाको दुई तिहाई बहुमतबाट पारित भएमा अविश्वासको प्रस्ताव पारित भएको मानिनेछ ।

(ख) अविश्वासको प्रस्ताव लागेका कार्यसमितिका पदाधिकारी तथा सदस्यलाई सफाई पेश गर्न मौकाबाट बञ्चित गराइने छैन ।

(ग) अविश्वासको प्रस्ताव पारित भएपछि सम्बन्धित पदाधिकारी वा सदस्य आफ्नो पदबाट मुक्त हुनेछन् ।

२७. विधान संशोधन :

विधान संशोधनको प्रस्ताव माथि सम्पूर्ण सदस्य संस्थाको दुई तिहाई बहुमतबाट पारित भै जिल्ला प्रशासन कार्यालयबाट स्वीकृत भएपछि लागू हुनेछ ।

अनुसूचि-१

संस्थाको छाप र चिन्हको विवरण

संस्थाको छाप र चिन्हको विवरण, आकार, प्रकार एवं अन्य विवरणहरुको सम्बन्धमा उल्लेख गर्ने ।

- **संस्थाको छापको विवरण** :

  यस संस्थाको छाप दुई गोलाकार भएको र दुई गोलाकारको बीचमा "नेपाल मेमोरियल ट्रष्ट राजपुर फरहदवा, रौतहट" लेखिएको हुनेछ । र एउटा गोलाकारको बीचमा NMT 2008 लेखिएको हुनेछ ।

- **संस्थाको आकार (Logo) को विवरण** :



नोटः- यसको लोगो मा संसारको नक्सा गोलाकार भएको र तल Nepal Memorial Trust लेखिएको हुनेछ ।